# बाह्रविसे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाह्रविसे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल


प.सं: २०८२/८३
च.नं.: ९८६५

मिति: २०८२/१२/१८

विषयः- रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।

श्री जो जससँग सम्बन्धित छ।

सिन्धुपाल्चोक जिल्ला बाह्रविसे नगरपालिका अन्तर्गत श्री भट्टे आधारभूत विद्यालय, बाह्रविसे-९, राम्चेमा रिक्त रहेको प्राथमिक तह, तृतीय श्रेणीको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं. ०८, मिति २०८२।१२।१० को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह र श्रेणीका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र शिक्षा नियमावली, २०५९(संशोधनसहित) को अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमतिसहित निवेदन दिन "शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१" को दफा ९ बमोजिम सम्बन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना bhattescoolramche@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

गणेश नेपाली
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:
श्री शिक्षा विकास तथा समन्वय इकाई, सिन्धुपाल्चोकः सूचना वेवसाइट मार्फत प्रकाशन गरिदिन हुन।
श्री सञ्चार तथा सूचना प्रविधि शाखा, बाह्रविसे नगरपालिकाः सूचना वेवसाइटमा अपलोड गरिदिन हुन।
श्री भट्टे आधारभूत विद्यालय, बाह्रविसे-९, राम्चे।